# Amnesty International Nepal
## Group-49,Mahendranagar, Kanchnapur

मिति : २०८२।०६।२०

श्री एम्नेस्टी इन्टरनेसनल नेपाल
राष्ट्रिय सचिवालय,
बालाजु, काठमाडौं, नेपाल ।

**विषय : एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) माथि संशोधन प्रस्ताव दर्ता गरिदिने सम्बन्धमा ।**

महोदय,

उपर्यूक्त सम्वन्धमा हामी एम्नेस्टी इन्टरनेसनल नेपाल शाखामा आबद्ध समूह ४९ को मिति २०८२।०६।२० गतेका दिन बसेको कार्यसमिति बैठकमा आवश्यक छलफल गरी एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) को भाग ६ दफा २० को उपदफा २ र ३ अनुसार उल्लिखित एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानमा संशोधन गर्न आवश्यक देखिएकोले यसै इमेलसाथ तीन महले सहितको विधान संशोधन प्रस्ताव तहाँ राष्ट्रिय सचिवालयमा दर्ता गरि दिन हुन हार्दिक अनुरोध छ ।

यस विधान संशोधन प्रस्तावलाई तहाँ सचिवालयबाट विधानको दफा २० को उपदफा (४) बमोजिम सबै समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूमा पठाउन र आगामी ३४औं साधारण सभामा निर्णयार्थ प्रस्तुत गर्ने गरी आवश्यक कारवाहीको लागि समुह हार्दिक अनुरोध गर्दछ ।

धन्यवाद ।

भवदीय,

विशाल सोनार
संयोजक,
समूह ४९, महेन्द्रनगर, कञ्चनपुर ।

Amnesty International Nepal AMNESTY INTERNATIONAL Group-49, Mahendranagar, Kanchanpur

आज मिति २०८२ असोज [illegible] गतेका दिन एम्नेस्टी इन्टरनेशनल ग्रुप ४९ को बैठक ग्रुप ४९ का संयोजक श्री विमल सोनार ज्यू को अध्यक्षतामा बसी निम्नानुसारको निर्णय गरियो।

संयोजक - श्री विमल सोनार
सह संयोजक - श्री मिनराज भट्ट
सचिव - श्री राजेन्द्र बहादुर चन्द
सह सचिव - श्री बेबी बोहरा
कोषाध्यक्ष - श्री गोरख बहादुर पुजारा
सदस्य - श्री दिपेन्द्र बहादुर सिंह
" - श्री निरज गुप्ता
" - श्री खड्क बहादुर खाती
" - श्री पुष्पा कुमारी चन्द
" - श्री नरेन्द्र प्रसाद जोशी
" - श्री राधिका थापा
" - श्री माधवी चन्द
" - श्री राधिका जोशी

प्रस्ताव नं १: एम्नेस्टी इन्टरनेशनल नेपालको आगामी ३४ औं साधारण सभामा विधान संशोधन प्रस्ताव पेश गर्ने सम्बन्धमा।

निर्णय नं १: प्रस्ताव नं १ माथी छलफल गर्दा एम्नेस्टी इन्टरनेशनल नेपालको निकट भविष्यमा आयोजना हुने ३४ औं साधारण सभामा एम्नेस्टी इन्टरनेशनल नेपालको विधान २०५८ माथी संशोधन गर्ने अत्यावश्यक देखीएका प्रावधानहरू माथी छलफल गरी मस्यौदा संशोधन प्रस्ताव ३४ औं साधारण सभामा निर्णयार्थ पेश गर्नका लागी एम्नेस्टी इन्टरनेशनल नेपाल शाखाको विधान २०५८ (सन २००१) को आठौं संशोधन २०८० (सन २०२३) को भाग-६ को दफा २० को उपदफा २ (२) अनुसार राष्ट्रिय सचिवालयमा दर्ता गर्ने निर्णय गरियो।

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को नवौं संशोधन प्रस्तावसम्बन्धी तीन महले दस्तावेज

| क्र. सं | विद्यमान दफा | विद्यमान प्रावधान | संशोधन प्रस्ताव | कारण |
|---|---|---|---|---|
| १. | दफा १ को उपदफा (१) | (१) यो विधानको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) हुने छ। . . . | (१) यो विधानको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को नवौं संशोधन २०८२ (सन् २०२५) हुने छ। . . . | नवौं संशोधन भएकोले सोही अनुसार गरिएको। |
| २. | दफा ४ को उपदफा (१) | (१) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) समेतलाई जनाउने छ। | (१) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को नवौं संशोधन २०८२ (सन् २०२५) समेतलाई जनाउने छ। | नवौं संशोधन भएकोले सोही अनुसार गरिएको। |
| ३. | दफा ४ को उपदफा (२३) | (२३) "सदस्यहरूको प्रादेशिक/क्षेत्रीय भेला (Members' Province/Regional Forum)" भन्नाले यस विधानको दफा १० मा व्यवस्था गरिएबमोजिमको भेलालाई जनाउने छ। यसलाई छोटकरीमा क्षेत्रीय भेला (Regional Forum) पनि भनिनेछ। | × × × | क्षेत्रीय भेलासम्बन्धी दफा १० मा रहेको पूरै व्यवस्था हटाउन वाञ्छनीय देखिएकोले। |
| ४. | दफा ७ को उपदा (१) को क) | ७.१. सदस्यताको प्रकार<br>क) समर्थक सदस्यता :<br>. . . व्यक्तिगत सदस्यहरूलाई प्रतिनिधित्व गर्दै दफा १० को उपदफा (४) को (२) बमोजिम एम्नेस्टी नेपाल शाखाको क्षेत्रीय भेलाको निर्णयअनुसार प्रत्येक क्षेत्रबाट कम्तिमा एक जना व्यक्तिगत सदस्यले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकारसहित सहभागिता जनाउनेछन्। . . . | ७.१. सदस्यताको प्रकार<br>क) व्यक्तिगत सदस्यता :<br>. . . × × × . . . | क्षेत्रीय भेलासम्बन्धी प्रावधान हटाइएको। |
| ५. | दफा ९ को उपदफा ३ | ९.३. साधारण सभाको गठनः<br>(१) साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :<br>(क) नेसनल बोर्डका पदाधिकारीहरू,<br>(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,<br>(ग) एम्नेस्टी नेपालमा आबद्ध कूल वैध सदस्य (valid members) सङ्ख्या बराबर १०० जनाको अनुपातमा दफा १० (१) बमोजिम निर्धारित प्रत्येक क्षेत्रमा विद्यमान कूल वैध सदस्यहरूको आधारमा हुन आउने सङ्ख्या बराबर एम्नेस्टी इन्टरनेसनल नेपालको क्षेत्रीय | ९.३. साधारण सभाको गठनः<br>(१) साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :<br>(क) नेसनल बोर्डका सदस्य तथा पदाधिकारीहरू,<br>(ख) पुनरावेदन समिति, प्रेपरेटोरी कमिटि र नोमिनसेन कमिटिका सदस्य तथा पदाधिकारीहरू,<br>(ग) प्रत्येक आर्थिक वर्षको अन्त्यमा यस विधान र यस विधान मातहतका नियमावलीहरूबमोजिम वैधता हाँसिल गरी सक्रिय रहेका एम्नेस्टी नेपालमा आबद्ध समूह र युथनेटवर्कको कार्य | क्षेत्रीय भेलासम्बन्धी प्रावधानहरू हटाई सबै समूह र युथनेटवर्कबाट प्रतिनिधिहरूको सहभागिता गराई फराकिलो र सबैको अपनत्व तथा स्वामित्व हुने गरी साधारणसभाको व्यवस्था गर्न आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | भेलाबाट दफा १० (४) बमोजिम चयन गरिएका कूल १०० जना प्रतिनिधिहरू।<br>(घ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,<br>(ङ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,<br>(च)अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू,<br>(छ) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू।<br><br>(२) मताधिकारः<br>उपदफा (१) को (ग) बमोजिम क्षेत्रीय भेलाबाट चयन भई सहभागी हुन आएका प्रतिनिधिहरूमा एक व्यक्ति एक मतका आधारमा मताधिकार रहनेछ। | समिति बैठकले निर्णय गरी तोकिएको समयभित्र सिफारिस गरी पठाएका एक एक जना प्रतिनिधि र नेपालभरीबाट तोकिएको विधि अवलम्बन गरी प्रदेशगत हिसावमा चयन गरिएका बढिमा ७ जना व्यक्तिगत सदस्य प्रतिनिधिहरू,<br>नोटः *यस प्रावधानअनुसार समूह र युथनेटवर्कले प्रतिनिधिहरूको निर्णय गरी सिफारिस गर्दा यो बिधान प्रारम्भ भई लागू भएको वर्ष कूल वैध समूहहरूको सङ्ख्यामा आधा नघट्नेगरी समूह १ देखि आधा हुन आउने समूहले अनिवार्य महिला र बाँकी समूहहरूले महिला वा गैर महिला तथा युथनेटवर्कहरूको हकमा वर्णानुक्रमानुसार आधा हुन आउने युथनेटवर्कले अनिवार्य महिला र अन्य बाँकी युथनेटवर्कहरूले महिला वा गैर महिला सदस्यहरूलाई प्रतिनिधिहरूको रूपमा सहभागिता गराउने निर्णय गरी राष्ट्रिय सचिवालयमा पठाउनुपर्नेछ। अन्य वर्षहरूको हकमा जुन जुन समूह वा युथनेटवर्कहरूले अघिल्लो साधारण सभामा महिला सदस्यहरूलाई प्रतिनिधिको रूपमा सिफारिस गरी पठाएका छन् उनीहरूले रोटेसनका आधारमा गैर महिला सदस्यहरूलाई प्रतिनिधिका रूपमा निर्णय गरी सिफारिस गर्न सक्नेछन्। तर यसले महिला सदस्यहरूलाई प्रतिनिधिका रूपमा सिफारिस गर्न बाधा पुर्याएको मानिनेछैन।*<br>(घ) निर्माणाधिन समूह र निर्माणाधिन युथनेटवर्कको कार्यसमितिबाट निर्णय गरी सिफारिस गरिएका एक एक जना पर्यवेक्षकहरू,<br>(ङ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,<br>(च) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,<br>(छ) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू,<br>(ज) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू। | आएकोले। |

Amnesty International Nepal AMNESTY INTERNATIONAL Group 43, Mahendranagar, Kanchanpur

| | | | | |
|---|---|---|---|---|
| | | | (२) मताधिकारः<br>उपदफा (१) को (ग) बमोजिम सहभागी प्रतिनिधिहरूमा एक व्यक्ति एक मतका आधारमा मताधिकार रहनेछ। | |
| ६. | दफा ९.५ | ९.६. साधारणसभाको बैठक :<br>(ख) साधारणसभाको अध्यक्षता नेसनल बोर्डका अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुवै जनाको अनुपस्थितिमा नेसनल बोर्डले तोकेको नेसनल बोर्ड सदस्यले गर्नेछ।<br><br>(ग) साधारणसभाको गणपूरक सङ्ख्याका लागि यस विधानको दफा १० को उपदफा (१) अन्तर्गतका क्षेत्रीय भेलाबाट दफा १० उपदफा (४) बमोजिम निर्धारित भई तोकिएका प्रतिनिधिहरूमध्ये प्रत्येक क्षेत्रबाट कम्तिमा सामान्य बहुमत प्रतिनिधिहरूको उपस्थिति आवश्यक हुनेछ। तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ। | ९.६. साधारणसभाको बैठक :<br>(ख) साधारणसभाको अध्यक्षता प्रेपकमले निर्णय गरी सिफारिस गरेको एम्नेस्टी नेपालका पूर्व अध्यक्षहरूमध्ये कुनै एक पूर्व अध्यक्षले गर्नेछ। यसरी सिफारिस गरेको अध्यक्ष अनुपस्थित भएमा प्रेपकमले तत्काल पूर्व अध्यक्षहरूमध्येबाट उपस्थित अर्का पूर्वअध्यक्षलाई साधारण सभाको अध्यक्षताका लागि प्रस्ताव गर्नुपर्नेछ। यदि कुनै पनि पूर्वअध्यक्षहरूको उपस्थिति नभएमा दफा ९.३ को (१) (ग) अनुसार उपस्थित प्रतिनिधिहरूमध्ये सबैभन्दा ज्येष्ठ प्रतिनिधिले साधारण सभाको अध्यक्षता गर्नेछन्।<br><br>(ग) साधारणसभाको गणपूरक सङ्ख्याका लागि यस विधानको दफा ९.३ को (१) (ग) अनुसार उपस्थित प्रतिनिधिहरूको कम्तिमा सामान्य बहुमत प्रतिनिधिहरूको उपस्थिति आवश्यक हुनेछ। तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ। | दफा ९.६ मा परिवर्तित प्रावधानअनुसार भाषा मिलाइएको। |
| ७. | दफा ९ को उपदफा (७) (ग) | (ग) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचन गर्ने, | (ग) नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसनल कमिटि तथा पुनरावेदन समितिको निर्वाचन गर्ने, | प्रेपकप र नोमिनेसन कमिटि छुट हुन गएकोले सोलाई थप गरिएको। |
| ८. | दफा १० | १०. सदस्यहरूको क्षेत्रीय भेला<br>(१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा हुनुभन्दा कम्तिमा एक महिना अघि सदस्यहरूको क्षेत्रीय भेला हुनेछ। सामान्यतया क्षेत्रीय भेला भौतिक उपस्थितिमा हुनेछ। विषम परिस्थितिमा प्रेपकमको निर्णयअनुसार क्षेत्रीय भेलालाई अनलाइन | × × × | क्षेत्रगत तहमा साधारण सभाको प्रतिनिधिहरू चयन गर्ने क्रममा सदस्यहरूबीच हुने राजनीतिक दाउपेचका कारण मनमुटाव र गुटगत |

Amnesty International Nepal
AMNESTY INTERNATIONAL
Group-49, Mahendranagar, Kanchanpur

| | | | |
|---|---|---|---|
| | माध्यमबाट पनि गर्न सकिनेछ। नेपाललाई देहायका जिल्ला सम्मिलित कूल आठ क्षेत्रमा विभाजन गरी उक्त जिल्लाहरूमा रहेका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूको उपदफा (२) बमोजिमका प्रतिनिधिहरू सम्मिलित क्षेत्रीय भेलाहरू आयोजना गरिनेछ।<br>क)कोशी क्षेत्रीय भेलाः ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, भोजपुर, मोरङ, सुनसरी,धनकुटा, सोलुखुम्बु, खोटाङ, सङ्खुवासभा, उदयपुर, ओखलढुङ्गा<br>ख)मधेश क्षेत्रीय भेलाः ससरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट<br>ग) बागमती क्षेत्रीय भेलाः रामेछाप, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रे, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन<br>घ) काठमाडौं उपत्यका क्षेत्रीय भेलाः काठमाण्डौं, भक्तपुर, ललितपुर<br>ङ) गण्डकी क्षेत्रीय भेलाः नवलपरासी पूर्व, गोरखा, लमजुङ, स्याङ्जा, कास्की, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ<br>च) लुम्बिनी क्षेत्रीय भेलाः नवलपरासी पश्चिम, रूपन्देही, कपिलबस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, प्युठान, रूकुम पूर्व, रोल्पा, बाँके, बर्दिया<br>छ)कर्णाली क्षेत्रीय भेलाः रूकुम पश्चिम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, सुर्खेत, दैलेख, जाजरकोट<br>ज) सुदूर पश्चिम क्षेत्रीय भेलाः कैलाली, कञ्चनपुर, डँडेलधुरा, डोटी, अछाम, बाजुरा, बैतडी, बझाङ, दार्चुला।<br>(२) **सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता**<br>सदस्यहरूको क्षेत्रीय भेलामा निम्नबमोजिमको सहभागिता रहने छः | | मनस्थितिको विकास हुन गई मानवअधिकारको अभियान कमजोर बन्न पुगेकाले र साधारण सभामा सबै समूह र युथनेटवर्कहरूको समान सहभागिता र अपनत्व घट्दै गएर संस्थागत अस्तित्वमाथि नै जोखिमताहरू बढ्दै गएको देखिएका कारण र क्षेत्रीय भेलाहरू अप्रभावकारी र समय तथा श्रोतका हिसाबले पनि खर्चिलो भएकोले संस्थाको असल स्वास्थ्य र वृहत्तर सहभागिताभूलक र स्वस्थ तथा प्रभावकारी साधारण सभाका लागि नेपालभरीका सबै समूह र युथनेटवर्कका प्रतिनिधिहरूकै सहभागितामा साधारण सभा आयोजना गर्नु वाञ्छनीय भएकोले क्षेत्रीय भेलासम्बन्धी प्रावधान हटाइएको। |

| | | | | |
|---|---|---|---|---|
| | | १. क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य ठहरिएका सम्बन्धित क्षेत्रका समूह, युथनेटवर्क र व्यक्तिगत सदसस्यहरूबाट देहायबमोजिमका प्रतिनिधिहरू:<br>क) प्रत्येक समूह र युथनेटवर्कबाट उक्त समूह तथा युथनेटवर्कमा रहेका कूल सदस्य सङ्ख्याको आधारमा देहायबमोजिम न्यूनतम ५० प्रतिशत महिलाको सहभागिता हुने गरी सम्बन्धित समूह तथा युथनेटवर्कको साधारण सभाद्वारा तोकिएका प्रतिनिधिहरू :<br>• न्यूनतम ३५ सदस्य रहेको समूह तथा युथनेटवर्कबाट २ जना<br>• न्यूनतम १०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ३ जना<br>• न्यूनतम २०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ४ जना<br>• न्यूनतम ३५० वा सो भन्दा बढी सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ५ जना।<br>नोटः क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य समूह र युथनेटवर्क भन्नाले यस विधान बमोजिम न्यूनतम सदस्यता सङ्ख्या कायम राखी वर्षमा कम्तिमा चारवटा मानवअधिकार अभियानका गतिविधिहरू सम्पन्न गरी क्षेत्रीय भेला हुने मितिभन्दा एक महिना अघि नै आफ्नो साधारण सभा सम्पन्न गरी सोको लिखित प्रतिवेदन निर्धारित समयभित्र राष्ट्रिय सचिवालयमा पेश गरेका समूह र युनथेटवर्कलाई बुझाउँछ।<br>ख) सम्बन्धित क्षेत्रअन्तर्गत रहेका व्यक्तिगत सदस्यहरूमध्येबाट कम्तिमा ५० प्रतिशत महिला र ४० प्रतिशत युवाको प्रतिनिधित्व हुने गरी कूल व्यक्तिगत सदस्यहरूमध्येबाट तोकिएको प्रकृया पूरा गरी प्रेपकमद्वारा सिफारिस गरिएका | | |

देहायको सङ्ख्याका व्यक्तिगत सदस्यहरू :

- १०० वा सोभन्दा कम व्यक्तिगत सदस्यको हकमा २ जना
- न्यूनतम ३५० व्यक्तिगत सदस्यहरूको हकमा ४ जना
- न्यूनतम ४५० र सोभन्दा बढी जतिसुकै सङ्ख्याको व्यक्तिगत सदस्यको हकमा ५ जना।

नोटः यस उपदफामा उल्लिखित "युवा" सदस्यले व्यक्तिगत युवा सदस्य भन्ने बुझाउँछ जो १६ वर्षदेखि २५ वर्ष पूरा नभएको उमेर समूहमा रहेका हुन्छन्।

२. प्रेपकमका संयोजक र/वा निजले तोकेका प्रेपकम सदस्य(हरू)।

३. प्रेपकम संयोजकद्वारा आमन्त्रित अतिथि पर्यवेक्षकहरू।

४. नेसनल बोर्डबाट तोकि खटाइएका नेसनल बोर्ड सदस्य(हरू)।

५. निर्देशकद्वारा तोकी खटाइएका राष्ट्रिय सचिवालयका कर्मचारीहरू।

**(३) सदस्यहरूको क्षेत्रीय भेला बैठक सञ्चालन**

सदस्यहरूको क्षेत्रीय भेला बैठकको अध्यक्षता प्रेपकमकका संयोजक वा निजले तोकेको व्यक्तिले गर्नेछ। प्रत्येक क्षेत्रीय भेलाले एम्नेस्टी नेपाल शाखाको केन्द्रीय साधारण सभाका लागि प्रतिनिधि चयन गर्नुका साथै शाखाले सञ्चालन गरिरहेको मानवअधिकार अभियानका विषयमा छलफल र विमर्शका साथै कार्यक्रम तयारी र तर्जुमाका बारेमा छलफल गर्ने छ। क्षेत्रीय भेलाका अध्यक्षले नेपाल शाखाको केन्द्रीय साधारण सभामा सहभागी हुने प्रतिनिधिहरूको चयन उपदफा (४) बमोजिम प्रजातान्त्रिक विधिबाट सम्पन्न गर्नेछन् र यसमा उनको निर्णय अन्तिम हुनेछ।

**(४) सदस्यहरूको क्षेत्रीय भेलाबाट एम्नेस्टी नेपाल शाखाको साधारण सभाका लागि प्रतिनिधि चयन गर्ने विधि**

१) एम्नेस्टी नेपाल शाखाको केन्द्रीय साधारण सभामा सहभागिताका लागि क्षेत्रीय भेलाबाट उपदफा (२) को १.(क) र (ख) का

प्रतिनिधिहरूमध्येबाट प्रतिनिधि चयन गर्नुपर्ने छ। यसरी प्रतिनिधि चयन गर्दा एम्नेस्टी नेपाल शाखामा आबद्ध कूल वैध सदस्यहरू (valid members) को सङ्ख्या बराबर १०० जनाको अनुपातमा उपदफा (१) अनुसार निर्धारण गरिएका क्षेत्रहरूमा रहेका कूल वैध सदस्यहरूको आधारमा चयन गरिनेछ। उदाहरणका लागि यदि एम्नेस्टी नेपाल शाखाको कुल वैध सदस्य सङ्ख्या ५,००० रहेछ भने र कोशी प्रदेशमा यदि कूल ७०० वैध सदस्यहरू रहेछन् भने त्यस प्रदेशबाट (१००x७००)/५००० = १४ सदस्यले एम्नेस्टी नेपाल शाखाको साधारण सभामा सहभागिता जनाउनेछन्।

२) माथि (१) बमोजिम प्रतिनिधिहरू चयन गर्दा कम्तिमा ५० प्रतिशत महिला, ४० प्रतिशत युवा र कम्तिमा एक जना व्यक्तिगत सदस्यको चयन गर्नुपर्नेछ।

नोटः यस उपदफाअन्तर्गत "युवा" भन्नाले एम्नेस्टी नेपाल शाखामा आबद्ध युथनेटवर्कका १६ वर्षदेखि २५ वर्ष उमेर समूहका सदस्यहरूलाई बुझ्नुपर्दछ।

**(५) सदस्यहरूको क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार**

क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार देहायएवमोजिम हुनेछः

१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभामा सहभागी हुने प्रतिनिधिहरूको चयन गर्ने,

२) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभामा छलफल गर्नु पर्ने मानवअधिकारका मुद्दा र विषयहरूमा छलफल र बहस गर्ने,

३) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको रणनीतिक लक्ष र सो अनुरूको कार्ययोजना तय गर्ने लगायत विषयमा साधारण सभामा निर्णयका लागि आवश्यक तयारी छलफलहरू गर्ने,

एम्नेस्टी नेपाल शाखाको संस्थागत विकास र अभियान

| | | | | |
|---|---|---|---|---|
| | | सबलीकरणका सामयिक विषय र मुद्दामा छलफल गर्ने। | | |
| ९. | दफा ११ (३) (ख) | **(३) उम्मेदवारको योग्यता तथा अयोग्यता**<br>(ख) . . . योग्यता नपुगेको व्यक्ति नेसनल बोर्ड वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन। . . . | (ख) . . . योग्यता नपुगेको व्यक्ति नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन। . . . | प्रेपकम र नोमिनेसन कमिटि छुट्न गएकोमा थप गरिएको। |
| १०. | दफा १४ | **१४. प्रेपरेटोरी कमिटि (प्रेपकम)**<br>(१) एम्नेस्टी नेपालको प्रत्येक वर्ष आयोजना गरिने क्षेत्रीय भेला र साधारण सभाको योजना, संयोजन, तयारी, व्यवस्थापन र संपादनका लागि नेसनल बोर्डका अध्यक्षको संयोजकत्वमा देहायबमोजिमको एक पाँच सदस्यीय प्रेपरेटोरी कमिटि (प्रेपकम) रहने छ।<br>क) संयोजकः नेसनल बोर्ड अध्यक्ष<br>ख) साधारण सभाबाट निर्वाचित कम्तिमा एक जना महिलासहित दुई सदस्य<br>ग) नेसनल बोर्डले तोकेको एक जना सदस्य<br>घ) निर्देशक वा निजले तोकेको राष्ट्रिय सचिवालयका एकजना कर्मचारी<br>. . .<br>(८) प्रेपकमले आवश्यकताअनुसार अनलाइन वा भौतिक उपस्थितमा आफ्नो बैठक बसी यस विधान बमोजिमको सदस्यहरूको क्षेत्रीय भेला र साधारण सभाको आयोजनाका लागि योजना र तयारीका आवश्यक निर्णय लिने र सो निर्णयअनुरूका कार्यहरू गर्ने गराउने छन्। | **१३. प्रेपरेटोरी कमिटि (प्रेपकम)**<br>(१) एम्नेस्टी नेपालको प्रत्येक वर्ष आयोजना गरिने साधारण सभाको योजना, संयोजन, तयारी, व्यवस्थापन र संपादनका लागि साधारण सभाबाट निर्वाचित कम्तिमा एक जना महिलासहित दुई जना, नेसनल बोर्डले तोकेको एक जना प्रतिनिधि र राष्ट्रिय सचिवालयका निर्देशक वा निजले तोकेको राष्ट्रिय सचिवलायका एकजना कर्मचारी सम्मिलित एक प्रेपरेटोरी कमिटि (प्रेपकम) रहनेछ। साधारण सभाबाट निर्वाचित दुई सदस्यहरूले क्रशमः आधा आधा कार्यकालका लागि प्रेपकमको संयोजकको भूमिका वहन गर्नेछन्।<br>(२) प्रेपकमले आवश्यकताअनुसार अनलाइन वा भौतिक उपस्थितमा आफ्नो बैठक बसी यस विधान बमोजिम साधारण सभाको आयोजनाका लागि योजना र तयारीका आवश्यक निर्णय लिने र सो निर्णयअनुरूपका कार्यहरू गर्ने गराउने छन्।<br>. . .<br>(४) प्रेपकमले आवश्यकताअनुसार अनलाइन वा भौतिक उपस्थितमा आफ्नो बैठक बसी यस विधान बमोजिम साधारण सभाको आयोजनाका लागि योजना र तयारीका आवश्यक निर्णय लिने र सो निर्णयअनुरूपका कार्यहरू गर्ने गराउने छन्। | दफा १४ मा प्रेपकमसम्बन्धी नयाँ व्यवस्था गरी सोहीअनुसार त्यसपछिको दफाहरूको नंबर मिलाइएको। |

Amnesty International Nepal<br>AMNESTY INTERNATIONAL<br>Group-49, Mahendranagar, Kanchanpur